**नीति जेबि–आर१ : विभेद वा उत्पीडनको विद्यार्थी गुनासाहरूको अनुसन्धानका लागि प्रक्रिया**

डेनभर पब्लिक स्कूल्स ("डिस्ट्रिक्ट") गैरकानुनी विभेद र उत्पीडनबाट मुक्त वातावरणमा निशुल्क शिक्षा प्रदान गर्दछ। गैरकानुनी विभेद र/वा उत्पीडनका चासोहरू र गुनासाहरूप्रति डिस्ट्रिक्टले तुरुन्तै प्रतिक्रिया दिनेछ; गैरकानुनी विभेद र/वा उत्पीडन पत्ता लाग्यो भने सोको प्रतिक्रियास्वरूप कार्वाही छ जस अनुसार उपयुक्त प्रतिबन्धहरू लगाउनेछ; र राज्य र फेडेरल कानुनको आवश्यकता अनुसार गैर कानुनी विभेद र/वा उत्पीडनमा संलग्न सबै जनाको गोपनीयता सरंक्षण गर्नेछ। उपयुक्त देखिएमा, गुनासोलाई अनुसन्धानका लागि कानुन कार्यान्वयनमा सिफारिस गरिनेछ।

गैरगानुनी विभेद र/वा उत्पीडनका बारे चासोहरू वा गुनासाहरूलाई तुरुन्तै र निष्पक्ष ढङ्गले सम्बोधन गर्नका लागि डिस्ट्रिक्टले निम्नलिखित प्रक्रियाहरू अवलम्बन गरेको छ। गुनासाहरूलाई लिखित वा मौखिक दुवै तरिकाले बुझाउन सकिन्छ।

**परिभाषाहरू**

1. "स्टुडेन्ट कम्प्लायन्स अफिसर" भन्नाले विद्यार्थी सेवाहरूको कार्यकारी निर्देशक प्रतिनिधि बुझिन्छ जसलाई कथित गैरकानुनी विभेद वा उत्पीडनको गुनासाहरू प्राप्त गर्न निर्धारित गरिएको हुन्छ।

2. "व्यथित व्यक्ति" भन्नाले त्यस्तो विद्यार्थी वा उसको निमित्त काम गर्ने १८ वर्षभन्दा मुनिको विद्यार्थीका आमाबाबु वा अभिभावक बुझिन्छ जो गैरकानुनी विभेद वा उत्पीडन निषेध गर्ने बोर्ड नीतिहरूको कथित उल्लङ्घनबाट सोझै प्रभावित छ र/वा सोको साक्षी छ।

3. "उत्पीडन" भन्नाले कुनै व्यक्तिको संरक्षित वर्गतिर लक्षित वा सोमा आधारित अवाञ्छित, प्रतिकूल, र आक्रामक शाब्दिक, लिखित वा शारीरिक व्यवहार हो जसले : (१) शारीरिक, भावनात्मक, वा मानसिक हानी र सम्पत्तिको क्षति गराउँछ; (२) जो यति गम्भीर, निरन्तर, वा व्यापक छ कि जसले व्यक्तिको शैक्षिक कार्यक्रम वा क्रियाकलापमा भाग लिने वा सोबाट लाभ लिने क्षमतामा बाधा पुऱ्याउँछ वा जसले भयावह, प्रतिकूल, वा धमकीपूर्ण वातावरण सिर्जना गर्छ; वा (३) स्कूलको अनुशासित सञ्चालनमा पर्याप्त बाधा पुऱ्याउँछ।

   a. उत्पीडनीय व्यवहारले थुप्रै रूपहरू लिन सक्छ जसमा निम्न सामेल छ तर त्यतिमै सीमित छैन :
      i. शाब्दिक क्रियाकलापहरू र नाम काढेर बोलाउनु ;
      ii. चित्रात्मक बयान र लिखित कथनहरू, जसमा सेलफोनहरू वा इन्टरनेटको प्रयोग पनि सामेल छ ; र/वा
      iii. अन्य व्यवहार जुन शारीरिक रूपमा धमकीपूर्ण, हानीकारक, वा अपमानजनक छ।

**स्टुडेन्ट कम्प्लायन्स अफिसरको कर्तव्य**

फेडेरल वा राज्य कानुन वा बोर्ड नीति जसले गैरकानुनी विभेद वा उत्पीडन निषेध गर्दछ सो कुराको कथित उल्लङ्घनका सबै गुनासा प्रक्रियाहरू र विधिहरूको अनुसन्धान र संयोजन आयोजना गर्ने जिम्मेवारी स्टुडेन्ट कम्प्लायन्स अफिसरको हुनेछ।

डिस्ट्रिक्टको स्टुडेन्ट कम्प्लायन्स अफिसर हुन् :

कार्यकारी निर्देशक
विद्यार्थी सेवाहरू
डेनभर पब्लिक स्कूल्स
१८६० लिङ्कन स्ट्रिट
डेनभर, सिओ ८०२०३
टेलिफोन : ७२०–४२३–३४३७

**यौनिक उत्पीडन निषेध गरिएको छ**

अवाञ्छित यौनिक पहल, यौनिक अनुग्रह (कृपा) का लागि अनुरोध, वा अन्य शाब्दिक, गैर-शाब्दिक, वा यौनिक प्रकृतिको शारीरिक व्यवहार आदि यौनिक उत्पीडन हुनसक्छन्, उत्पीडक र उत्पीडित विद्यार्थी एउटै लिङ्गको भए पनि र सो विद्यार्थी ले उत्पीडनको प्रतिकार गरे पनि वा सोप्रति झुके पनि जब :

1. त्यस्तो व्यवहार प्रतिको झुकाव स्पष्टतया वा अव्यक्त रूपले विद्यार्थीको शैक्षिक कार्यक्रममा वा क्रियाकलापमा सहभागिताको सर्त बनाइए;

2. विद्यार्थीको त्यस्तो व्यवहार प्रतिको झुकाव वा प्रतिकारलाई विद्यार्थीलाई प्रभाव पार्ने किसिमको शैक्षिक निर्णयहरूको आधारका रूपमा प्रयोग गरिए; वा
3. त्यस्तो व्यवहार पर्याप्त मात्रामा कडा, लगातार, वा व्यापक भए जसले गर्दा विद्यार्थीको शैक्षिक कार्यक्रम वा क्रियाकलापमा भाग लिने वा सोबाट लाभ लिने क्षमतालाई सीमित पारे वा जसले प्रतिकूल वा अपमानजनक वातावरण सिर्जना गरे। एकै पटकको घटना उत्पीडनको तहमा पुग्नका लागि सो कडा हुनैपर्छ।

विद्यार्थीबाट कुनै स्टाफ सदस्यतिर लक्षित वा स्टाफ सदस्यबाट विद्यार्थीतिर लक्षित कुनै पनि यौनिक प्रकृतिका व्यवहार अवाञ्छित छ र सोलाई यौनिक उत्पीडन मानिन्छ।
यौनिक प्रकृतिका व्यवहार संलग्न यौनमा आधारित शाब्दिक वा शारीरिक आक्रमणको क्रिया, धमकी, वा वैर पनि यौनिक उत्पीडन हुनसक्छ।

माथि परिभाषित गरिएको यौनिक उत्पीडनमा निम्न कुरा सामेल हुनसक्छ तर त्यतिमै सीमित छैन :

1. यौन उन्मुख शाब्दिक "जिस्क्याइ", दुवर्यवहार, वा उत्पीडन;
2. यौनिक क्रियाकलापका लागि दबाब;
3. यौनिक लगाव भएका व्यक्तिप्रति बारम्बारको टिप्पणी
4. अवाञ्छित स्पर्ष जस्तै थपथपाउनु, चिमोट्नु, वा निरन्तर अर्काको शरीरमा दलिनु
5. कसैका ग्रेडहरू वा त्यस्तै समान व्यक्तिगत चासोहरू सम्बन्धित अन्तर्निहित वा स्पष्ट धमकी सहितको यौनिक संलग्नताको सल्लाह वा माग; वा
6. यौनिक हिंसा

**गुनासो प्रक्रिया**

व्यथित व्यक्तिलाई घटनाको प्रतिवेदन प्रशासक, परामर्शदाता, शिक्षक वा डिस्ट्रिक्टको स्टुडेन्ट कम्प्लायन्स अफिसरलाई फाराम एसि–इ२ प्रयोग गरेर तुरुन्तै दिन प्रोत्साहित गरिन्छ : “विभेद/उत्पीडन गुनासो फाराम” शिक्षकहरू, परामर्शदाताहरू, प्रिन्सिपलहरू, वा अन्य डिस्ट्रिक्ट कर्मचारीहरूद्वारा प्राप्त प्रतिवेदन तुरुन्तै स्टुडेन्ट कम्प्लायन्स अफिसरलाई पठाइनेछ। यदि स्टुडेन्ट कम्प्लायन्स अफिसर निषेधित व्यवहारमा संलग्न हुने कथित व्यक्ति हो भने, गुनासो सुपरिटेन्डेन्टलाई पठाइनुपर्दछ, र सुपरिटेन्डेन्टले सो कुरा अनुसन्धान गर्नका लागि बैकल्पिक स्टुडेन्ट कम्प्लायन्स अफिसर नियुक्त गर्नेछन्।

व्यथित व्यक्तिले गैरकानुनी विभेद वा उत्पीडनका बारे डिस्ट्रिक्ट, अन्य विद्यार्थी र कुनै स्कूल कर्मचारीलाई आरोपित गरेर स्टुडेन्ट कम्प्लायन्स अफिसरलाई गुनासो दर्ता गराउन सक्नेछन्। गुनासाहरू मौखिक वा लिखित गर्न सकिन्छ। लिखित गुनासो दर्ता गर्न चाहने व्यक्तिहरूलाई एसि–इ२मा भएको फाराम प्रयोग गर्न प्रोत्साहित गरिन्छ। “विभेद/उत्पीडन गुनासो फाराम”

सबै गुनासाहरूमा साक्षीहरू सहित कथित घटनाहरूको विस्तारित वर्णन, सो घटना भएको मिति, र संलग्न पार्टीहरूको नाम उल्लेख भएको हुनुपर्नेछ। घटना भएपछि छिटोभन्दा छिटो गुनासो दर्ता गरिनुपर्नेछ।

स्टुडेन्ट कम्प्लायन्स अफिसरले गुनासोको आधार स्पष्ट बुझ्नका लागि व्यथित व्यक्ति र/वा गैरकानुनी विभेद वा उत्पीडनबाट कथित पीडितसँग युक्तिसङ्गत रूपमा छिठोभन्दा छिटो वार्तालाप गर्नेछन् तर सो डिस्ट्रिक्टले गुनासो प्राप्त गरेको १५ स्कूल दिन भन्दा ढिलो हुनु हुनेछैन।

व्यथित व्यक्ति र/वा कथित पीडितसँग प्रारम्भिक बैठक भएको ५ स्कूल दिनभित्र, स्टुडेन्ट कम्प्लायन्स अफिसरले कथित निषेधित व्यवहारमा संलग्न भएको व्यक्तिसँग भेट्ने प्रयास गर्नेछन् र, यदि विद्यार्थी भए, उनका आमाबाबु/अभिभावकसँग पनि गुनासोप्रति प्रतिक्रिया प्राप्त गर्न भेट्नेछन्। स्टुडेन्ट कम्प्लायन्स अफिसरको विचारमा, वस्तुगत जानकारीको पूर्ण र शुद्ध डिस्क्लोजरका लागि वा अन्यथा गुनासो समाधानका लागि आवश्यक लागेमा, त्यस्ता व्यक्ति (हरू) लाई सबै आरोपहरूबारे जानकारी दिइनेछ।

प्रारम्भिक बैठकहरूमा, स्टुडेन्ट कम्प्लायन्स अफिसरले अनौपचारिक र औपचारिक कार्वाही गर्नेछन्, गुनासो दर्ता प्रक्रियाको व्याख्या प्रदान गर्नेछन्, र यो कुरा पनि व्याख्या गर्नेछन् कि कुनै पनि समयमा पीडित र निषेधित व्यवहारमा कथित रूपमा संलग्न व्यक्तिको अनौपारिक प्रक्रिया त्यागेर औपचारिक समाधान अनुरोध गर्ने अधिकार रहेको छ। स्टुडेन्ट कम्प्लायन्स अफिसरले यो पनि व्याख्या गर्नेछन् कि व्यक्तिले लिखित गुनासो दर्ता वा अन्यथा कार्वाही अनुरोध गरे पनि नगरे पनि, डिस्ट्रिक्टले गैरकानुनी विभेद वा उत्पीडन सच्याउन र भैरहने गैरकानुनी विभेद, उत्पीडन वा सूचना गर्ने वा अनुसन्धानमा सहभागी हुने जो कोहीलाई बदला लिने जस्ता कार्यको निषेध गर्नु कानुनी आवश्यकता हो। स्टुडेन्ट कम्प्लायन्स अफिसरले यो पनि व्याख्या गर्नेछन् कि गोपनीयताका लागि गरिएको कुनै पनि अनुरोधको आदर गरिनेछ जबसम्म त्यसो गर्नाले डिस्ट्रिक्टलाई निषेधित व्यवहार प्रति प्रभावकारी प्रतिक्रिया जनाउन र भविष्यमा त्यस्ता घटना रोक्न रोक्दैन।

**अनौपचारिक कार्वाही**

यदि व्यथित व्यक्ति र/वा निषेधित व्यवहारमा संलग्न कथित व्यक्तिले सो कुरा अनौपचारिक तरिकाले समाधान गर्न अनुरोध गर्छन् र स्टुडेन्ट कम्प्लायन्स अफिसरलाई पनि त्यस्तो समाधान उपयुक्त लाग्छ भने, स्टुडेन्ट कम्प्लायन्स अफिसरले सो कुरा मध्यस्थता, परामर्श वा अन्य गैर-अनुशानीय विधिहरूद्वारा समाधानको प्रयास गर्न सक्नेछन्। यदि दुवै पार्टीहरूलाई अनौपचारिक विधिले समाधानमा पुगियो भन्ने लाग्छ भने अगाडिको कम्प्लायन्स कार्वाही गर्नु पर्दैन। कुनै पनि पार्टीलाई गैरकानुनी विभेद वा उत्पीडन अनौपचारिक तरिकाले समाधान गर्न बाध्य पारिनेछैन र कुनै पनि पार्टीले कुनै पनि समयमा अनौपचारिक प्रक्रिया समाप्त गर्न अनुरोध गर्न सक्नेछन्। अनौपचारिक समाधान स्कूल कर्मचारी विरूद्ध गुनासो प्रक्रियामा प्रयोग गरिनेछैन र ती विद्यार्थीहरूबीच पनि प्रयोग गरिनेछैन जहाँ खास उल्लङ्घनमा यौनिक हमला वा अन्य हिंसा संलग्न रहेको छ।

**औपचारिक कार्वाही**

यदि अनौपचारिक समाधान अनुपयुक्त भए, अनुपलब्ध भए, वा असफल भए, स्टुडेन्ट कम्प्लायन्स अफिसरले आरोपहरू तुरुन्तै अनुसन्धान गर्नेछन् र गैरकानुनी विभेद वा उत्पीडन भए नभएको र/वा कुन हदसम्म भएको निर्धारण गर्नेछन्। स्टुडेन्ट कम्प्लायन्स अफिसरले गैरकानुनी विभेद वा उत्पीडन भए नभएको निर्धारण गर्दा निम्न किसिमको जानकारी विचार गर्न सक्नेछन्।

1. कथित घटनाका विषयमा कुनै साक्षीले दिएको वक्तव्य;
2. संलग्न पार्टीहरूको सापेक्षित विश्वसनीयताको प्रमाण ;
3. निषेधित व्यवहारमा संलग्न भनी आरोपित व्यक्ति अन्यहरूसित त्यस्तो व्यवहार निषेध गर्न संलग्न रहेको सम्बन्धी प्रमाण;
4. कथित निषेधित व्यवहार पश्चात् व्यथित व्यक्ति र/वा कथित पीडितको प्रतिक्रिया वा व्यवहारमा परिवर्तनको प्रमाण ;
5. कथित पीडित र/वा व्यथित व्यक्तिले सो व्यवहार प्रतिवाद गर्न गरेको कार्वाही सम्बन्धी प्रमाण;

6. साक्षीका वक्तव्यहरू वा संलग्न पार्टीहरूले प्रस्तुत गरेका कथन (बयान) र प्रमाण;
7. अन्य समसामयिक प्रमाण, र/वा
8. स्टुडेन्ट कम्प्लायन्स अफिसरले सान्दर्भिक ठानेको अन्य कुनै प्रमाण।

प्रदर्शित व्यवहार कानुन वा नीतिको उल्लङ्घन हो कि होइन भनेर निर्णय गर्नका लागि स्टुडेन्ट कम्प्लायन्स अफिसरद्वारा निम्न कुराहरू सहित सबै सान्दर्भिक घटनाक्रमहरू विचार गरिनेछ :

1. व्यवहारले कुन हद (डिग्री) सम्म एउटा वा बढी विद्यार्थीहरूको शिक्षा प्रभावित पाऱ्यो;
2. व्यवहारको प्रकार, आवृत्ति र अवधि;
3. निषेधित व्यवहारमा संलग्न आरोपित व्यक्तिको पहिचान र व्यथित व्यक्ति र/वा कथित पीडितसँग उसको सम्बन्ध (नाता);
4. निषेधित व्यवहारमा सलग्न आरोपित व्यक्तिहरूको सङ्ख्या र निषेधित व्यवहारका पीडितहरूको सङ्ख्या;
5. निषेधित व्यवहारमा संलग्न आरोपित व्यक्ति, र व्यथित व्यक्ति वा कथित पीडितको उमेर;
6. स्कूलको आकार, घटना भएको ठाउँ, र सो भएको सन्दर्भ ; र/वा
7. स्कूलमा भएका अन्य घटनाहरू।

स्टुडेन्ट कम्प्लायन्स अफिसरले प्राप्ति र सिफारिसहरू सहित एउटा लिखित प्रतिवेदन तयार गर्नेछन् जसमा निम्न कुरा सामेल हुनेछन् तर त्यतिमै सीमित हुनेछैन – विद्यार्थीहरू र/वा कर्मचारीहरूका लागि प्रस्तावित उपयुक्त अनुशासनात्मक कार्वाही र व्यथित व्यक्तिका लागि सहयोग र सो प्रतिवेदन सुपरिटेन्डेन्ट वा उनको प्रतिनिधिलाई गुनासोकर्तासँग भएको स्टुडेन्ट कम्प्लायन्स अफिसरको पहिलो बैठकबाट १५ दिनभित्र वा अनौपचारिक समाधान प्रक्रिया सकिएको १५ स्कूल दिनभित्र बुझाउनेछन्। उपयुक्त अथोरिटी (नियोग)ले अनुसन्धान गर्नका लागि लागूयोग्य कानुन र बोर्ड नीति अनुरूप विद्यार्थीहरूप्रति लक्षित यौनिक प्रकृतिका व्यवहार, उचित अवसरहरूमा, बाल दुवर्यवहारका रूपमा सूचीत गरिनुपर्छ। फेडेरल र राज्य कानुनहरूले अनुमति दिएको हदसम्म, स्टुडेन्ट कम्प्लायन्स अफिसरले संलग्न सबै विद्यार्थीहरूका आमाबाबु/अभिभावकहरू सहित सबै पार्टी (पक्ष) हरूलाई अनुसन्धानको नतिजा र डिस्ट्रिक्टले लिएका कदमहरू बारे स्टुडेन्ट कम्प्लायन्स अफिसरको निर्णयपछि पाँच दिन भित्र सूचीत गर्नेछन्। डिस्ट्रिक्टले स्टुडेन्ट कम्प्लायन्स अफिसरको प्रतिवेदनमा पाइएका सिफारिसहरू कार्यान्वयन छ।

यदि व्यथित व्यक्ति र/वा कथित पीडित स्टुडेन्ट कम्प्लायन्स अफिसरको प्राप्ति र सिफारिसहरूसँग असहमत छन् भने, व्यथित व्यक्ति र/वा कथित पीडितले स्टुडेन्ट कम्प्लायन्स अफिसरको निर्णय बारे अपील गर्न सक्नेछन् जसका लागि उनीहरूले सुपरिटेन्डेन्ट वा प्रतिनिधिलाई अन्तिम नतिजाको सूचना प्राप्त भएको मितिबाट १० क्यालेन्डर दिनभित्र लिखित अपील बुझाउनुपर्नेछ। सो लिखित अपीलमा विचार गरिनुपर्ने कुनै पनि अतिरिक्त प्रमाण सामेल हुनुपर्नेछ र स्टुडेन्ट कम्प्लायन्स अफिसरको निर्णयमा अपीलकर्ताको असहमति विशिष्ट रूपले उल्लेख भएको हुनुपर्नेछ। सुपरिटेन्डेन्ट वा प्रतिनिधिले प्रमाण समीक्षा गर्नेछन् र स्टुडेन्ट कम्प्लायन्स अफिसरको निर्णय सदर गर्दै वा बदर गर्दै र उपयुक्त भएमा अतिरिक्त सिफारिसहरू प्रस्ताव गर्दै अन्तिम लिखित प्रतिवेदन बुझाउनेछन्। सुपरिटेन्डेन्ट वा प्रतिनिधिको निर्णय अन्तिम हुनेछ।

**बाहिरी एजेन्सीहरू**

शीर्षक सिक्स (६) (जात, उत्पत्ति राष्ट्र), शीर्षक नाइन (९) (यौन/लिङ्ग) वा खण्ड ५०४/एडिए (अपाङ्गता वा असक्तता) सम्बन्धित उल्लङ्घनका गुनासाहरू सोझै नागरिक अधिकारको कार्यालय, अमेरिकामा दर्ता गर्न सकिनेछ। शिक्षा विभाग, १२४४ नर्थ स्पियर बुलेभार्ड, सुइट ३१०, डेनभर सिओ ८०२०४

कानुनी सन्दर्भ:

शिक्षा संसोधनको शीर्षक ९, २० यु.एस.सि § १६८१
नागरिक अधिकार अधिनियमको शीर्षक ६, ४२ यु.एस.सि § २०००डि–आर१
जेनेटिक जानकारी गैर-विभेद अधिनियम, ४२ यु.एस.सि. § २००० एफएफ र तपसिल
समान शैक्षिक अवसर अधिनियम, यु.एस.सि § १७०१–१७५८
सि.आर.एस. § २-४-४०१ (१३.५)
सि.आर.एस. § २२-३२-१०९(१)(केके)(आइआइ)
सि.आर.एस. § २२-३२-११०(सिसि)र(डिडि)
सि.आर.एस. § २२-६१-१०१
सि.आर.एस. § २४-३४-३०१ र तपसिल

सि.आर.एस. § २४-३४-६०१ र तपसिल

क्रस सन्दर्भ :
जे.बि.- समान शिक्षा अवसरहरू र विभेद
अङ्गीकृत (स्वीकृत): अक्टोबर २३, २०१४